# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं मार्ग २१ गते २०१० साल

## भाग २

## अर्थमन्त्रालय ( आय–विभाग ) को सूचना

अर्को अखतियारीको आदेश नभएसम्म बजार अनुसारका हाकिमलगायतका कर्मचारीलाई घरबिदा बिरामी-कुरुवा र अरू ऐन सवालले पाउने बिदाको निकाशालाई आएकोमा ऐन सवालको रीत पुगेको कलमजतिमा देहायबमोजिम निकाशा दिने श्रीमाननीय प्रधान तथा अर्थमन्त्रीज्यूबाट १६।७।०१० मा यस विभागका नाउँमा अख्त्यारी गरी दिनु भएकोले सोबमोजिम गर्न गराउन यो सूचना प्रकाश गरिएको छ।

(१) हाकिमलाई विदेश पठाउने र पठाएको सदर गर्नेजति मात्र श्री अर्थमन्त्रीमा मिसो पेश गरी अरू देहायबमोजिम गर्ने।

(क) हाकिम र सो सरहका दर्जालाई सेकेटरीले बुझी निकाशा दिने।

(ख) तहरीर र मुलुकी साक्षीलाई डे. से. ले. ,, ,,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

९२८

(ग) अरू गैन्हलाई अ.से.ले.

" "

आज्ञाले—
हिमालयशमशेर,
सेक्रेटरी—अर्थमन्त्रालय.

## अर्थमन्त्रालय ( आय-विभाग ) को सूचना

तराईका छोटी बजारको ३५—६० का स्केलबाट तलब खानेमा कुनैलाई साक्षी मात्र र कुनैलाई साक्षी सुबेदार मै रहेकोले छोटी बजारमा साक्षी मात्र दर्जा लेखिएका ३५।६० का स्केलका जवानहरुलाई पनि जूनियर साक्षी सुबेदार गरी किताप दर्ता गराउने श्री का. मु. अर्थमन्त्रीज्यूबाट १०।६।२६ मा मिसो सदर भएबमोजिम किताप दर्ता निजामती फाँटलाई आर्डर मै गएको प्रधान मन्त्रालय राज्य—व्यवस्थाबाट सूचना आएकोले सो कुरा सरोकारवाला सबैलाई थाहा होस् भन्नानिमित्त यो सूचना प्रकाश गरिएको छ।

आज्ञाले—
हिमालयशमशेर,
सेक्रेटरी—अर्थमन्त्रालय.

## अर्थमन्त्रालयको सूचना

३—८—१० देखि बजेट पास नभएसम्मलाई अर्थमन्त्रालयको निकाशा पुकासाको काममध्ये अर्थ—सेक्रेटरीले नभ्याएजति श्री डे. सेक्रेटरी चूडानन्दले एडिशनल सेक्रेटरी मै कामकाज गर्नुहुने भएको छ।

आज्ञाले—
हिमालयशमशेर,
सेक्रेटरी—अर्थमन्त्रालय.

गोरखापत्र छापाखानामा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

९२८